कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३(राजश्व उपशाखा)
च.नं.:

## लामो दुरीको बसपार्क भित्र रहेका भौतिक संरचना (सटरहरु) बहालमा दिने सम्बन्धी सूचना

### सूचना प्रकाशन मिति २०८२/०८/१६

कोहलपुर नगरपालिका वडा नं ११ स्थित बसपार्क भित्र रहेको विभिन्न सटरहरु बहालमा दिने सम्बन्धमा तपसिल बमोजिमका सटरहरु देहायको दररेटमा बहालमा लगाउनुपर्ने भएकोले बहालमा लिन ईच्छुक फर्म, कम्पनी, संस्था वा व्यक्तिले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स. | सटर नं | प्रति सटर प्रति महिना न्यूनतम भाडा रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | A७,A१३,A१६ | रु.१५,०००। | रु.१८,०००। | बोलपत्र दस्तुर रु.१,०००। फिर्ता नहुने गरी। |
| २ | B४, B६, B८, B१०, B१२ ,B१३, B१४, B१६, B१८, B२०,B२२,B२३,B२६, B२७, B२८, B३० | रु.१०,०००। | रु.१२,०००। | |
| .३ | मेडिकल सटर | रु.१२,०००। | रु.१४,४००। | |

देहाय

१. इच्छुक दरभाउपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८२/०९/०१ गते सम्म) कार्यालय समय भित्र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा व्यवसायको हकमा तोकिएको निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरण गरेको प्रमाण, स्थायी लेखा नम्बर (PAN) दर्ता र आ.व.०८१/०८२ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु.१०००। (एक हजार रुपैंया मात्र) दस्तुर तिरेको सक्कलै रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ।

२. सूचना बमोजिम पर्न आएका प्रस्तावहरु सोहौ दिन (२०८२/०९/०२गते) दिनको १२.०० बजेसम्म दाखिला गरिसक्नुपर्नेछ। दरभाउपत्र सोही दिनको २.०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नुपर्नेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएकै कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिनेछैन।

३. एकभन्दा बढी सटरको प्रस्ताव पेश गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले प्रत्येक सटरका लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नुपर्नेछ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np, revenue.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

४. साबिकमा भाडामा लिई सम्झौता रद्द गर्ने व्यक्ति, फर्म वा व्यवसायीले पुनः बहालमा लिन प्रस्ताव पेश गर्न पाउने छैन। यसरी सम्झौता रद्द भएकाले प्रस्ताव पेश गरी निजले कबोल गरेको अंक सबैभन्दा बढी भएको भएतापनि निजको प्रस्ताव रद्द हुनेछ।

५. सूचना बमोजिम प्रस्ताव पर्ने व्यक्ति फर्म वा कम्पनीले आफुले प्रस्ताव हाली अन्य कुनै व्यक्ति, फर्म वा कम्पनीलाई भाडामा दिन पाउने छैन तर नगरपालिकाबाट स्वीकृति लिई नियमानुसार नामसारी गर्न सकिने छ।

६. धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा वा कम्तिमा ७५ दिन समयावधि भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ।

७. दरभाउपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरी सक्कलै भरपाई पेश गर्नुपर्नेछ।

८. एक व्यक्ति वा फर्मले १ भन्दा बढी सटरहरुका लागी प्रस्ताव पेश गरेमा क्रमशः A७,A१३,A१६, B४, B६, B८, B१०, B१२ ,B१३, B१४, B१६, B१८, B२०,B२२, B२३,B२६, B२७, B२८, B३० र मेडिकल सटर सम्म सिलसिलेबार रुपमा मूल्यांकन हुने र कुनै एकको पहिलो प्रस्ताव स्वीकृत भएमा अन्य प्रस्तावहरु स्वतः मूल्यांकन प्रक्रियाबाट बाहिरिने छ।

९. यस सूचना बमोजिमको दरभाउपत्र स्वीकृत भएमा प्रस्तावदाताले कोहलपुर नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको खाता नं ०७२०५०१०००२३५२१७ मा आफुले कबोल गरेको अंकको कम्तिमा ३ महिना बराबरको नगद बैंक जम्मा गरेको भौचर पेश गरेपछी मात्र सम्झौता गरिनेछ।

१०.प्रस्ताव पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिनमा उल्लेखित प्रक्रियाहरु पुरा गरिनेछ।

११.यस सूचनामा उल्लेख नभएका शर्तहरु कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि,२०७९ तथा सार्वजनिक खरिद ऐन,२०६३ (संसोधन सहित) एवं नियमावली,२०६४, अन्य प्रचलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np, revenue.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९